गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

२७ जेठ २०८१ SitRep#१४४७

## मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ५

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १३ | ० | ० | १ | ६८,९०,००० | ० | १४ |

### हाइलाइटः

- अछामको पञ्चदेवल नगरपालिका-९ बाट दैलेखको आठबिस नगरपालिका-४ खिड्कीज्यूला बजारमा आउने क्रममा झोलुङ्गे पुलको लठ्ठा चुँडिदा जालीमा फसेका १३ खच्चडमध्ये सुरक्षाकर्मीद्वारा ११ वटाको उद्धार, दुईवटाको मृत्यु।

### घटना सारांशः

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| आगलागी | संखुवासभा | चैनपुर न.पा- १० सल्लेरी स्थित एक घरमा आगलागी हुँदा २५ वटा कुखुरा, लत्ताकपडा, भाडावर्तन, अन्नपात र नगद गरी ३ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रचौ खराङको टोली खटिई गएको । |
| | रौतहट | फतुवा विजयपुर न.पा.- ४ टेङ्ग्रा स्थित एक घरमा अचानक आगलागी हुँदा घर, लत्ताकपडा, अन्नपात गरी ४ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रहरी टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | काठमाडौं | गोकर्णश्वर न.पा.- ८ माकलबारी स्थित एक घरमा विद्युत सर्ट भई आगलागी हुँदा टिभी, सोफा, ल्यापटप, मोबाईललगायतका सामानहरु जली ८ लाख ४५ हजार रुपैंया बराबरको क्षति। | ० | ० | ० | वृत्त बौद्धको टोली, स्थानीय र दमकलको सहायतामा आगो नियन्त्रण । |
| | कास्की | पोखरा म.न.पा.- २२ पुम्दीभुम्दी स्थित एक तरकारी तथा फ्रेस हाउसमा मासु पोल्ने क्रममा अचानक ग्यास सिलिन्डरमा आगो सल्किई आगलागी हुँदा ७० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | व.प्र.का. बैदामको टोली खटिई गई आगो नियन्त्रण । |
| | स्याङ्जा | वालिङ न.पा.- १० ढकालपाखा स्थित गहौकालिका व्यवसायिक बाख्रा पालन फर्ममा बिधुत सर्ट भई आगलागी हुँदा | ० | ० | ० | व.प्र.का. वालिङको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आगलागी | | ११ वटा बाखाको मृत्यु भई ३० लाख रुपैंया बराबरको क्षति । | | | | |
| | नवलपरासी पश्चिम | सुस्ता गा.पा.- ३ स्थित नारायणी नदीको किनारमा राखेको एउटा काठको डुङ्गा जली ५० हजार रुपैंया बराबरको क्षति। | ० | ० | ० | |
| | बर्दिया | बढैयाताल गा.पा.- ६ मैनापोखर स्थित एक घरमा आगलागी हुँदा अन्नपात, लत्ताकपडा, भाँडाबर्तन जली १ लाख २० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रहरी, स्थानीय र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | बाँके | जानकी गा.पा.- ६ कोठारपुर स्थित एक घरमा एक्कासी आगलागी, क्षतिको विवरण आउन बाँकी । | ० | ० | ० | प्रचौ गनापुरको टोली र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | सुर्खेत | लेकबेशी नपा- ५ डाडागाँउ स्थित एक गोठमा आगलागी हुँदा एउटा खसी र एउटा गोरुको मृत्यु, एउटा गोरु, तीनवटा भैसी र दुईवटा खसी घाईते । | ० | ० | ० | - |
| | अछाम | रामारोसन गा.पा.- ५ सल्लीसैन दासबाँडा स्थित एक घरमा जडान रहेको बिजुलीको सर्भिस तार सर्ट भई आगलागी हुँदा नगद, सुन, अन्नपात, लत्ताकपडा, भाँडाकुडा जलि १ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट चौताराको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | बाजुरा | बुढिगंगा न.पा.- २ ताप्रिसेरा स्थित एक पसलको गोदाममा खाना बनाउने क्रममा ग्यास लिक भई आगलागी हुँदा खाद्यान्न, कुखुराको दाना, लत्ताकपडा र नगद जली २० लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.बार्जुगाडको टोली गई आगो नियन्त्रण । |
| | बझाङ्ग | खप्तडछान्ना गा.पा.- १ स्थित गोठखोला सामुदायिक वनमा एक्कासी आगलागी हुँदा नजिकै रहेको कालीका लाङा बहुउदेश्यीय कृषी तथा पशुपंक्षी फर्ममा समेत आगो सल्किई स्याउ, सुन्तला, मौसम, दांते ओखर लगायतका बिरुवा र संकलन गरेर राखेको सल्लाको खोटोको २ सय ५० टिनको डिब्बा जलि नष्ट । | ० | ० | ० | प्र.चौ.मटेलाको टोली र स्थानीयको सहयोगमा फर्ममा लागेको आगो नियन्त्रण, वनमा लागेको आगो निभाउने कार्य भईरहेको । |
| **जनावर आक्रमण** | ईलाम | ईलाम न.पा.- ९ केउरेनी बस्ने वर्ष ३४ का एक पुरुषलाई ऐ. स्थित श्री पञ्चे जंगलमा हराएको खसि खोज्दै जाने क्रममा पाटे बाघले अचानक आक्रमण गर्दा घाइते । | ० | ० | १ | घाईतेको जिल्ला अस्पताल इलाममा उपचार भइरहेको । |
| **जम्मा संख्या** | | १३ | ० | ० | १ | |

❖ *नोटः जेठ २६ विहान १०:०० बजे देखि २७ जेठ विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांश:

जेठ २६ गते बिहान ०८:४५ बजेदेखि जेठ २७ गते बिहान ०८:४५ बजेसम्मको वर्षा

आज मिति २०८१/०२/२७ गते बिहान ०८:४५ बजे १५८ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालित: ४६ र स्वचालित: ११२) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार ४० वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा इलाम जिल्लाको बरफल्याङ केन्द्रमा (६४.९ मि.मि.) भएको छ।




नक्सा १: जेठ २६ गते बिहान ०८:४५ बजे देखि जेठ २७ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि. मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांश:




नक्सा २: जेठ २६ गते बिहान ०८:४५ बजेदेखि जेठ २७ गते बिहान ०८:४५ बजेसम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: जेठ २५ गते साँझ ०५:४५ बजेदेखि जेठ २६ गते साँझ ०५:४५ बजेसम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: २०८१/०२/२७ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०२/२६ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण ।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| ५ देखि १० | २ | ० |
| १० देखि १५ | ५ | ० |
| १५ देखि २० | ९ | १ |
| २० देखि २५ | १५ | २ |
| २५ देखि ३० | २२ | १० |
| ३० देखि ३५ | ० | २० |
| ३५ देखि ४० | ० | २१ |
| ४० देखि ४५ | ० | ५ |
| जम्मा केन्द्र संख्या (वटा) | ५३ | ५९ |
| **सबैभन्दा बढी/केन्द्र,जिल्ला** | २९.३ डि.से./तौलिहवा, कपिलबस्तु | ४१.९ डि.से./अत्तरिया, धनगढी |
| **सबैभन्दा कम/केन्द्र,जिल्ला** | ८.० डि.से./रारा, मुगु | १७.० डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु |

नोटः डि.से. = डिग्री सेल्सियस

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA **मा जानुहोस्।**